# नेपाल नागरिक उड्डयन प्राधिकरण

**फ्लाईट क्लियरिङ एजेन्सी (FCA) संचालन अनुमति तथा नियमन सम्बन्धी**

**निर्देशिका, २०८२**

(स्वीकृत मिति : २०८२।०५।१५ गते)

# बिषय-सूचि


| | | पृष्ठ |
|---|---|---|
| परिच्छेद-१ | प्रारम्भिक | १-२ |
| परिच्छेद-२ | फ्लाईट क्लियरिङ एजेन्सी (FCA) अनुमति तथा नियमन | ३-४ |
| परिच्छेद-३ | उडान अनुमति सम्बन्धी प्रक्रिया | ५ |
| परिच्छेद-४ | विविध | ६ |


## अनुसूची


| | |
|---|---|
| अनुसुची-१ | फ्लाईट क्लियरिङ एजेन्सी (FCA) सेवा संचालनका लागि दिईने निवेदनको ढाँचा । |
| अनुसुची-२ | फ्लाईट क्लियरिङ एजेन्सी (FCA) सेवा संचालन अनुमति र नविकरण शुल्क । |
| अनुसुची-३ | फ्लाईट क्लियरिङ एजेन्सी (FCA) कार्यालयको अनुगमन फारामको ढाँचा |
| अनुसुची-४ | फ्लाईट क्लियरिङ एजेन्सी (FCA) संचालन अनुमति प्रमाण पत्रको ढाँचा । |
| अनुसुची-५ | फ्लाईट क्लियरिङ एजेन्सी (FCA) नविकरणको लागि दिईने निवेदनको ढाँचा । |
| अनुसुची-६ | पटके उडान संचालनका लागि माग निवेदनको ढाँचा । |
| अनुसुची-७ | फ्लाईट क्लियरिङ एजेन्सी (FCA) को उडान सम्बन्धी विवरण |

# फ्लाईट क्लियरिङ एजेन्सी (FCA) संचालन अनुमति तथा नियमन सम्बन्धी निर्देशिका, २०८२

नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८ को नियम ८२ ले दिएको अधिकार प्रयोग गरी अन्तर्राष्ट्रिय वायुसेवाहरुको पटके उडान सहजिकरण कार्यमा संलग्न फ्लाईट क्लियरिङ एजेन्सी (FCA) लाई नियमन (संचालन अनुमति तथा अनुगमन) गर्न वान्छनीय भएकोले नेपाल नागरिक उड्डयन प्राधिकरणले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस निर्देशिकाको नाम "**फ्लाईट क्लियरिङ एजेन्सी (Flight Clearing Agency) संचालन अनुमति तथा नियमन सम्बन्धी निर्देशिका, २०८२**" रहेको छ ।

(ख) यो निर्देशिका महानिर्देशकबाट स्वीकृत भएको मितिले ६० (साठी) दिन पछि लागु हुनेछ ।

२. **परिभाषा** : विषयमा वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "मन्त्रालय" भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा १३ बमोजिम गठित संचालक समिति सम्झनु पर्छ ।

(ग) "प्राधिकरण" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम गठित नेपाल नागरिक उड्डयन प्राधिकरण सम्झनु पर्छ ।

(घ) "ऐन" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ सम्झनु पर्छ ।

(ङ) "नियमावली" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८ सम्झनु पर्छ ।

(च) "महानिर्देशक" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरणको महानिर्देशक सम्झनु पर्छ ।

(छ) "अन्तर्राष्ट्रिय वायुसेवा" भन्नाले द्विपक्षिय तथा बहुपक्षिय हवाई सेवा सम्झौता भई श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट संचालन अनुमति (Operating

Authorization) प्राप्त गरी प्राधिकरणबाट नियमित (सेड्यूल) उडान अनुमति वा पटके उडान अनुमति लिई संचालनमा रहेका अन्तर्राष्ट्रिय वायुसेवालाई सम्झनु पर्छ।

(ज) "उडान अनुमति" भन्नाले नियमित वा पटके हवाई उडान संचालन गर्न प्राधिकरणबाट स्वीकृत उडान कार्यक्रम सम्झनु पर्छ।

(झ) "पटके उडान" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरणबाट नियमित (सेड्यूल) उडान अनुमति प्राप्त नभएका (नन सेड्यूल, चार्टर, मेडीकल, कूटनीतिक, Ferry, Overfly, Special Purpose, Private Flight, Relief, Ambulance आदि) उडानलाई संम्झनु पर्दछ।

(ञ) "फ्लाईट क्लियरिङ एजेन्सी" भन्नाले प्रचलित ऐन कानून बमोजिम नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भई प्राधिकरणबाट अन्तर्राष्ट्रिय वायुसेवाहरुको उडान सहजिकरण सम्बन्धी सेवा (फ्लाईट क्लियरिङ) प्रदान गर्न अनुमति प्राप्त गरी अन्तर्राष्ट्रिय वायुसेवा वा संघ संस्थाहरुले नेपालमा पटके (नन सेड्यूल, चार्टर (Pax/Cargo Charter), मेडीकल, कूटनीतिक, Ferry, Ambulance, Relief, Special Purpose, Rescue, Aviation Jet A-Fuel Service, Overfly, Performance Test आदि) उडान गर्न त्यस्ता कम्पनीहरुको फ्लाईट क्लियरिङ कार्य गर्न Authorizations प्राप्त कम्पनी/संस्थालाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## फ्लाईट क्लियरिङ एजेन्सी (FCA) अनुमति तथा नियमन

३. **संचालन अनुमति पत्र लिनुपर्ने :** (१) प्रचलित कानून बमोजिम नेपाल सरकारबाट इजाजत प्राप्त कम्पनी/संस्थाले फ्लाईट क्लियरिङ सेवा संचालन गर्नको लागि अनुसूची (१) बमोजिमको ढाँचामा तोकिएका कागजात तथा अनुसूची (२) मा उल्लेखित शुल्क प्राधिकरणको राजस्व खातामा जम्मा गरी महानिर्देशक समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) "फ्लाईट क्लियरिङ एजेन्सी (Flight Clearing Agency) सेवा संचालन अनुमति प्रमाण पत्र प्राप्त गर्न संस्था दर्ता प्रमाण-पत्र तथा प्रबन्धपत्रमा उद्देश्य स्पष्ट रुपमा तोकिएको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पश्चात् अनुसूची (३) मा उल्लेखित Checklist का आधारमा कार्यालयको स्थलगत निरिक्षण गर्दा तोकिए बमोजिमका शर्तहरु पुरा गरेको पाईएमा अनुसूची (४) बमोजिमको ढाँचामा संचालन अनुमति प्रमाण-पत्र प्रदान गर्न सकिनेछ ।

(४) संचालन अनुमति प्रमाणपत्रको मान्य अवधि १ (एक) वर्षको हुनेछ ।

४. **चुक्ता पुँजी तथा बैंक जमानत :** (१) दफा (३) बमोजिमको संचालन अनुमति प्राप्त गर्नका लागि कम्पनीको चुक्ता पुँजी कम्तिमा रु २०,००,०००/- (बीस लाख) बराबर रहेको हुनु पर्नेछ ।

(२) दफा (३) बमोजिमको संचालन अनुमति प्राप्त गर्न तथा नविकरण गर्नका लागि कम्पनीले नेपाल राष्ट्र बैंकले तोकेको "क" वर्गको वाणिज्य बैंकले नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा जारी गरेको रु १० (दश) लाख बराबरको बैंक ग्यारेण्टी वा सो रकम बराबरको नगद प्राधिकरणको धरौटी खातामा जम्मा गरेको हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम जारी भएको बैंक ग्यारेण्टीको मान्य अवधि १ (एक) वर्षको हुनु पर्नेछ ।

५. **फ्लाईट क्लियरिङ एजेन्सी (FCA) ले पालना गर्नुपर्ने शर्तः-**

(क) नेपाल सरकार र प्राधिकरणद्वारा तोकिए अनुसारको सेवा संचालन गर्नुपर्ने ।

(ख) फ्लाईट क्लियरिङ एजेन्सी (FCA) सम्बन्धी कार्यहरुका लागि दक्ष कर्मचारीको व्यवस्था गर्नुपर्ने ।

(ग) फ्लाईट क्लियरिङ सम्बन्धी कार्यका लागि विदेशी नागरिकलाई काममा लगाउनु परेमा नेपाल सरकारबाट श्रम स्वीकृती लिएर मात्र काममा लगाउनु पर्नेछ ।

(घ) कार्यालय संचालनको लागि आवश्यकता अनुसार भौतिक संरचना हुनुपर्नेछ ।

(ङ) फ्लाईट क्लियरिङ एजेन्सी (FCA) को संचालन अनुमति प्रमाण-पत्र सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(च) प्रचलित कानून तथा नेपाल सरकार र प्राधिकरणबाट समय समयमा जारी हुने निर्देशनहरु पूर्णरुपमा पालना गर्नुपर्नेछ ।

(छ) फ्लाईट क्लियरिङ एजेन्सी (FCA) ले फ्लाईट क्लियरिङ उडान सम्बन्धी सम्पूर्ण विवरण नेपाल सरकार र प्राधिकरणले माग गरेको बखत उपलब्ध गराउनुपर्नेछ ।

६. **संचालन अनुमति पत्रको नविकरण :** (१) दफा (३) बमोजिम प्राधिकरणबाट जारी भएको संचालन अनुमति पत्र नविकरणका लागि म्याद सकिनु भन्दा ३० दिन अगावै अनुसूची (५) मा तोकिए बमोजिमका कागजात तथा अनुसूची (२) मा तोकिए बमोजिम दस्तुर तथा दफा (४) को उपदफा (२) र (३) मा तोकिए बमोजिमको बैंक जमानत र मान्य अवधि भएको बैंक जमानत सहित महानिर्देशक समक्ष दरखास्त पेश गर्नुपर्नेछ ।

(२) उपदफा (२) बमोजिम संचालन अनुमति पत्र नविकरणका लागि फ्लाईट क्लियरिङ एजेन्सी (FCA) को कार्यालय स्थलगत निरिक्षण गरी अनुसुची (३) मा उल्लेखित चेकलिष्ट (Checklist) का आधारमा उपयुक्त ठहरिएमा नविकरण गर्न सकिनेछ ।

७. **निलम्बन तथा खारेज :** (१) दफा (३) अनुसार अनुमति प्राप्त फ्लाईट क्लियरिङ एजेन्सी (FCA) ले दफा (५) बमोजिमका शर्तहरु पालना नगरेमा वा प्रचलित कानून बिपरितका काम गरेको पाईएमा महानिर्देशकले छानविनका लागि तोकिएको अवधिसम्म निलम्वन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा अनुमति पत्र बाहकलाई उचित सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम छानविन पश्चात् दोषी ठहरिएमा अनुमति पत्र निलम्वन वा रद्द सम्मको कारवाही गर्न सकिनेछ ।

(४) फ्लाईट क्लियरिङ एजेन्सी (FCA) ले अनुमति पत्र निलम्बन भएको अवधिभर फ्लाईट क्लियरिङ सम्बन्धी कुनै पनि किसिमको काम कारवाही गर्न पाउने छैन ।

परिच्छेद-३

## उडान अनुमति सम्बन्धी प्रक्रिया

८. **उडान अनुमति लिनुपर्ने :** (१) प्रचलित कानून बमोजिम सबै प्रकारका पटके उडान संचालन गर्न अनुसूची (६) खण्ड १ र खण्ड २ मा तोकिएको बमोजिमको ढाँचा र कागजात सहित फ्लाईट क्लियरिङ एजेन्सी (FCA) मार्फत उडान अनुमतिका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणमा आवेदन दिनुपर्ने छ ।

(२) प्राधिकरणले उडान अनुमतिका लागि पेश हुन आएका कागजात आवश्यक जाँचबुझ गरी आवश्यक प्रकृया पुरा भए पश्चात् नियमानुसार उडान अनुमति प्रदान गर्न सक्नेछ ।

## परिच्छेद : ४

## विविध

९. **अनुगमन तथा मूल्यांङ्कन :** (१) यो निर्देशिका लागू भए पश्चात् फ्लाईट क्लियरिङ एजेन्सी (FCA) ले तोकिएका मापदण्ड पुरा गरेको वा नगरेको सम्बन्धमा पूर्व जानकारी दिई वा नदिई जुनसुकै बखत प्राधिकरणद्धारा अनुगमन गर्न सकिनेछ।

१०. **निर्देशिकाको व्याख्या र बाधा अड्काउ फुकाउ :** (१) यस निर्देशिका कार्यान्वयनको क्रममा कुनै किसिमको द्विविधा उत्पन्न भएमा सो को व्याख्या र बाधा अड्काउ फुकाउ अधिकार महानिर्देशक लाई हुनेछ।

(२) फ्लाईट क्लियरिङ एजेन्सी (FCA) लाई उपदफा (१) बमोजिमको व्याख्या चित्त नबुझेमा समिति समक्ष निवेदन दिन सक्नेछ।

११. **विवरण बुझाउनु पर्ने :-** दफा (३) अनुसार संचालन अनुमति प्राप्त फ्लाईट क्लियरिङ एजेन्सी (FCA) ले उडानसंग सम्बन्धित आवश्यक विवरण अनुसूची (७) अनुसारको तोकिएको ढाँचामा प्राधिकरणले माग गरेमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

अनुसूची-१

(परिच्छेद (२) दफा (३) को उपदफा (१) सँग सम्बन्धित)

**फ्लाईट क्लियरिङ एजेन्सी (FCA) सेवा संचालनका लागि दिईने निवेदनको ढाँचा**

श्रीमान् महानिर्देशकज्यू
नेपाल नागरिक उड्डयन प्राधिकरण,
प्रधान कार्यालय, सिनामंगल, काठमाडौं ।

**फ्लाईट क्लियरिङ एजेन्सी (FCA)** सेवा संचालन अनुमति पाउनको लागि निम्नानुसारको विवरण सहित निवेदन पेश गरेको छु ।

१. **फ्लाईट क्लियरिङ एजेन्सी (FCA) संचालन संस्थाको**

(क) नाम ठेगाना :-
(ख) दर्ता नम्बर :-
(ग) संस्थाको तर्फबाट कारोवार गर्ने मुख्य व्यक्तिको नाम, ठेगाना र पद :
(घ) मुख्य शेयरधनी वा लगानी कर्ताको नाम ठेगाना :

२. **फ्लाईट क्लियरिङ एजेन्सी (FCA)** : ले संचालन गर्ने सेवा को किसिम :

(क) अन्तर्राष्ट्रिय

३. **निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु** :

(क) संस्था दर्ता प्रमाण पत्र
(ख) पान वा मुल्य अभिवृद्धि कर प्रमाण पत्र
(ग) कर चुक्ता प्रमाण पत्र
(घ) संस्थाको प्रबन्ध पत्र/नियमावली
(ङ) व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि
(च) संचालकहरुको नागरिकता
(च) उपकरण तथा भौतिक पूर्वाधारको विवरण
(छ) जनशक्ति (कर्मचारी) विवरण
(ज) रु. १०,००,०००/- (दश लाख) बराबरको बैंक जमानत पत्र

**निवेदक/निवेदकहरुको**
नाम र सही:
ठेगाना:

## अनुसूची-२

(परिच्छेद (२) दफा (३) को उपदफा (१) र दफा (६) को उपदफा (१) सँग सम्बन्धित)

### फ्लाईट क्लियरिङ एजेन्सी (FCA) संचालन अनुमति र नविकरण शुल्क

१. फ्लाईट क्लियरिङ एजेन्सी (FCA) संचालन अनुमति शुल्क- २५० (यू.एस डलर वा सो बराबरको नेपाली रुपैयाँ मु.अ.क. वाहेक)

२. फ्लाईट क्लियरिङ एजेन्सी (FCA) संचालन नविकरण शुल्क- १०० (यू.एस डलर वा सो बराबरको नेपाली रुपैयाँ मु.अ.क.वाहेक )

अनुसूची-३

(परिच्छेद (२) दफा (३) को उपदफा (३) र दफा (६) को उपदफा (२) संग सम्बन्धित)

**फ्लाईट क्लियरिङ एजेन्सी (FCA) कार्यालयको अनुगमन फारमको ढाँचा**

***Civil Aviation Authority of Nepal (CAAN)***

***Air Transport Department***

Checklist for Flight Clearing Agency (FCA) for Initial/Renewal

1. Name of Organization (FCA):
2. Registration Number of Organization (Company Registrar):
3. License Number (Tourism Office):
4. FCA Certificate Number by CAAN (for Renewal):
5. Permanent Account Number (PAN):
6. Approval by Local Government Body: Yes/No
7. Location of Office

   a) Permanent Address:

   Province: District:

   Municipality/Rural Municipality: Ward No.:

   b) Temporary Address:

   Province: District:

   Municipality/Rural Municipality: Ward No.:
8. Number of Employees:

   a) Skilled (Having Professional Trainings & Certificate):

   b) Unskilled (having only Academic Qualification):

   c) Others:
9. Scope of Work:

   a) International/Domestic

10. Responsible person of FCA (Name, Signature, Designation, Contact Details & Office stamp):
11. Type of Company: Private/Public
12. Physical Belongings of Company:

| SN | Particular | Available | Not available | If Available No. | Remarks |
|---|---|---|---|---|---|
| 1. | Building/Rooms | | | | |
| 2. | Logistics | | | | |
| 3. | Generator | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 4. | Photocopy | | | | |
| 5. | Telephone | | | | |
| 6. | Computer | | | | |
| 7. | Laptop | | | | |
| 8. | Printer | | | | |
| 9. | Scanner | | | | |
| 10. | Fax | | | | |
| 11. | Internet | | | | |
| 12. | Vehicles | | | | |
| 13. | Others | | | | |

13. Work Profile of Company: Fiscal year

| FY | Flight Sold | | Cargo Transport | | Mail Transport | | Remarks |
|---|---|---|---|---|---|---|---|
| | Foreign | Domestic | Foreign | Domestic | Foreign | Domestic | |
| **Previous** | | | | | | | |
| **Current** | | | | | | | |
| **Following (Projection)** | | | | | | | |

14. Observations:

15. Recommendations:

16. Compliance Level for FCA Issuance/Renewal:
    a) Satisfactory:
    b) Unsatisfactory:

**CAAN Observer**
Name:
Designation:
Signature:
Date:

**CAAN Observer**
Name:
Designation:
Signature:
Date:

अनुसुची-(४)
(परिच्छेद-(२) दफा (३) को उपदफा (३) संग सम्बन्धित)
**फ्लाईट क्लियरिङ एजेन्सी (FCA) संचालन अनुमति प्रमाण पत्रको ढाँचा**

# नेपाल नागरिक उड्डयन प्राधिकरण

सिनामंगल, काठमाडौं

प्रमाण-पत्र नं.

## अनुमति प्रमाण-पत्र

श्री.......................................लाई फ्लाईट क्लियरिङ एजेन्सी (FCA) संचालन अनुमति तथा नियमन सम्बन्धी, निर्देशिका, २०८२ को दफा ३ को उपदफा ३ बमोजिम फ्लाईट क्लियरिङ एजेन्सी (FCA) सेवा संचालन गर्न यो प्रमाण पत्र प्रदान गरिएको छ ।

......................

मिति:

महानिर्देशक
नेपाल नागरिक उड्डयन प्राधिकरण

# Civil Aviation Authority of Nepal

Sinamangal, Kathmandu

## Certificate of Authorization

This Certificate has been issued to.........................., hereby authorizing it to operate as Flight Clearing Agency, in accordance with clause 3 (3) of Procedure Regarding Permission and Regulation of Flight Clearing Agency (FCA), 2082.

.....................

Director General
Civil Aviation Authority of Nepal

Date:

## अनुसूची-५

### परिच्छेद-(२) दफा (६) को उपदफा (१) संग सम्बन्धित

### फ्लाईट क्लियरिङ एजेन्सी (FCA) नविकरणको लागि दिईने निवेदनको ढाँचा

श्रीमान् महानिर्देशकज्यू
नेपाल नागरिक उड्डयन प्राधिकरण,
प्रधान कार्यालय, सिनामंगल ।

**फ्लाईट क्लियरिङ एजेन्सी (FCA)** संचालन गर्ने ईजाजत पत्र नविकरण पाउनको लागि निम्न विवरण खुलाई यो निवेदन पेश गरेको छु ।

१. फ्लाईट क्लियरिङ एजेन्सी (FCA) संचालन संस्थाको
   (क) नाम ठेगाना :
   (ख) दर्ता नम्बर :
   (ग) संस्थाको तर्फवाट कारोवार गर्ने मुख्य व्यक्तिको नाम, ठेगाना र पद :
   (घ) मुख्य शेयरधनी वा लगानी कर्ताको नाम ठेगाना :
   (ङ) प्रमाण पत्रको म्याद समाप्त हुने मिति :

२. **फ्लाईट क्लियरिङ एजेन्सी (FCA)** :- ले संचालन गर्ने सेवा को किसिम :

   (क) अन्तर्राष्ट्रिय

३. निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु :
   (क) प्राधिकरणवाट लिएको अनुमति प्रमाण पत्रको प्रतिलिपि
   (ख) कर चुक्ता प्रमाण पत्र
   (ग) संचालकहरुको नागरिकता (कुनै फेरबदल भएको भए)
   (घ) कम्पनी/संस्था/व्यक्तिको प्रबन्ध पत्र/नियमावली (कुनै फेरबदल भएको भए मात्र)
   (ङ) व्यवसाय दर्ता प्रमाण पत्र नविकरणको प्रतिलिपि
   (च) उपकरण तथा भौतिक पूर्वाधारको विवरण
   (छ) जनशक्ति (कर्मचारी) विवरण
   (ज) नविकरण शुल्क दाखिला प्रमाण ।

निवेदक/निवेदकहरुको
नाम र सही :-
ठेगाना :-

अनुसूची-६ खण्ड १

(परिच्छेद-३ दफा (८) को उपदफा (१) संग सम्बन्धित)

## पटके उडान संचालनका लागि माग निवेदनको ढाँचा

**Civil Aviation Authority of Nepal**
**Aviation Safety & Security Regulation Directorate**
**Air Transport Department**

**Requirement for Applying International Chartered, Non-Scheduled/Diplomatic/Rescue & Relief/Ambulance/Special purpose/Private Flight Permission over-fly & land at Kathmandu/Bhairahawa/Pokhara**

| | | | | |
|---|---|---|---|---|
| An application letter from the operator to the Director General of Civil Aviation Authority of Nepal (CAAN) at least 7* days before the intended date. | | | | ☐ |
| 1. | A copy of Air Operator Certificate (AOC) | | | ☐ |
| 2. | A copy of Certificate of Registration of Aircraft (C of R) | | | ☐ |
| 3. | A copy of Certificate of Airworthiness of Aircraft (C of A)/Airworthiness Review Certificate | | | ☐ |
| 4. | A copy of Aircraft Flight Manual (AFM) that shows the Maximum take-off weight of Aircraft (MTOW) | | | ☐ |
| 5. | A Copy of Certificate of Insurance of Aircraft covering Third Party Liability of not less than US$ 60 million ($60,000,000). | Validity | | |
| | | Policy No. | | |
| | | Coverage Amount | | |
| | | Insurance Company | | |
| 6. | A copy of Simulator Certificate of PIC for TIA & PIA for Type of Approach, SID/SIA & Maps (as mentioned in the AIP Nepal) issued within last six months or Record of Journey log book of Airlines showing the landing of PIC within last six months | Type of Aircraft | | |
| | | Validity | | |
| | | Airport | | |
| | | Training or last Operation Date | | |
| 7. | A copy of English language Proficiency Certificate of PIC if, non-native English Speaker. | Native Language | | |
| | | Nationality | | |
| | | Language Level | | |
| | | Date of Training | | |
| 8. | A Charter Flight Permission Request Form, with all required information Filled out. | | | ☐ |
| 9. | An authorization letter to local agent by the operator. | | | ☐ |
| 10. | A Bank voucher of permission fee | | | ☐ |

* Not applicable for emergency rescue flights
Charter Fight Permission Request Form, available in CAAN's Website: www.caanepal.gov.np

अनुसूची-६ खण्ड २

(परिच्छेद-३ दफा (८) को उपदफा (१) संग सम्बन्धित)

## पटके उडान संचालनका लागि माग निवेदनको ढाँचा

**Application from for permission for International Chartered, Non-Scheduled/Diplomatic/Rescue & Relief/Ambulance/Special Purpose/Private Flight Permission over-fly Flight**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **1.** | **Applicant:** | Name: | | | | |
| | | Permanent Address: | | | | |
| | | Telephone: | | Fax: | | |
| | | AFTN: | | Email: | | |
| **2.** | **Local Representative:** | Name: | | | | |
| | | Permanent Address: | | | | |
| | | Telephone: | | Fax: | | |
| | | (Authorization/Contract letter is attached herewith) | | | | ☐ |
| **3.** | **Aircraft:** | Owner: | | | | |
| | | Operator: | | | | |
| | | Type: | | Registration: | Nationality: | |
| | | Maximum Take-off Weight (MTOW) KGS: | | | | |
| | | Air Operator Certificate of Registration are attached herewith: | | | | ☐ |
| **4.** | **Pilot-In-Command:** | Name: | | | | |
| | | Nationality | | | | |
| | | English Language Proficiency Certificate (if non-native English Speaker) | | | | ☐ |
| | | License No. | | Country: | | |
| | | Simulator Certificate of PIC for VNKT/VNPR of SID/SIA Maps & PIC attached: | | | | ☐ |
| | | Crew list attached: | | | | ☐ |
| **5.** | **Ground Handler** | Name: | | | | |
| | | Permanent Address: | | | | |
| | | Telephone: | | | | |
| | | Authorization/Contract letter is attached herewith | | | | ☐ |
| **6.** | **Charter Party:** | Name: | | | | |
| | | Permanent Address: | | | | |
| | | Telephone | | | | |
| | | Authorization/Contract letter is attached herewith | | | | ☐ |
| **7.** | **Purpose of Charter:** | Passenger: | | | | ☐ |
| | | In | | Out | | |
| | | Cargo: (Attached cargo detail volume/weight) | | | | ☐ |
| | | In | | OUT | | |
| | | Medical: (Specify) | | | | |
| | | Private (Specify) | | | | |
| **8.** | **Passenger-On-Board:** | Specify: | | | | |
| | | Attached list of passengers | | | | ☐ |
| **9.** | **Flight Details:** | Date of Operation: | | | | |
| | | Flight No.: | | | | |
| | | Sector: | | | | |
| | | ETD/ETA: | | | | |
| | | If any (Specify): | | | | |

| | | | |
|---|---|---|---|
| **Application Submitted By:** | | | |
| Name: | | | |
| Date: | | | |
| Signature: | | Seal: | |

अनुसूची-(७)

(परिच्छेद-४ को दफा (११) संग सम्बन्धित)

**फ्लाईट क्लियरिङ एजेन्सी (FCA) फ्लाईट क्लियरिङ उडान सम्बन्धी विवरण**

कम्पनी/संस्थाको नाम :- आ.व.:

| महिना | उडान सम्बन्धी विवरण | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | यात्रु | | कार्गो ढुवानी | | हुलाक ढुवानी | | |
| | आगमन | प्रस्थान | आयत | निर्यात | आयत | निर्यात | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |